आज मिति २०७६।०८।०९ गते सोमवारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाँउ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल वमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निम बहादुर के.सी. | अध्यक्ष, दार्मा गाउँपालिका |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष, दार्मा गाउँपालिका |
| ३. श्री दिपक कवर | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ३. श्री कविकुमार चन्द | वडा नं. १, वडा अध्यक्ष |
| ४. श्री डिल्ली बहादुर के.सी. | वडा नं. २, वडा अध्यक्ष |
| ५. श्री सेतिराम रोकाहा | वडा नं. ३ ,वडा अध्यक्ष |
| ६. श्री चन्द्र बहादुर रावत | वडा नं. ४, वडा अध्यक्ष |
| ७. श्री राम बहादुर के.सी. | वडा नं. ५, वडा अध्यक्ष |
| ८. श्री दुर्गा बहादुर मल्ल | वडा नं. ६, वडा अध्यक्ष |
| ९. श्री पुतला खड्का रोकाय | कार्यपालिका सदस्य |
| १०. श्री अमृता कामी | कार्यपालिका सदस्य |
| ११. श्री सन्ताराम कामी | कार्यपालिका सदस्य |
| १२. श्री मञ्जु शाही | कार्यपालिका सदस्य |
| १३. श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| १४. श्री देवी खत्री | कार्यपालिका सदस्य |
| १५. श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १६. श्री किरण गौतम | रोजगार संयोजक |
| १७. श्री रोमप्रसाद पाण्डेय | शिक्षा शाखा प्रमुख |
| १८. श्री खुम बहादुर के.सी. | नायब सुब्बा |

**छलफल गरिएका विषयहरु/प्रस्तावहरु**

१. गिट्टी-वालुवाको पुनः टेण्डर आह्वान गर्ने सम्बन्धमा ।

२. ढाकाडाम स्वास्थ्यचौकी त्रिवेणीको प्रसूति सेवा भवनको फिल्ड निर्माण सम्बन्धमा ।

३. लैङ्गिक हिंसासम्बन्धी १६ दिने अभियानको कार्यतालिका सम्बन्धमा ।

४. कुकुर वन्ध्याकरण तथा भ्याक्सिन सम्वन्धमा ।

५. मासु पसल सुधार सम्बन्धमा ।

## निर्णयहरु :

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा गाउँपालिकाको खोलाहरुमा गिट्टी-बालुवा निकासीका लागि गरिएको बोलपत्र आह्वानमा दोस्रो पटक पनि कसैले बोलपत्र खरिद नगरेको हुँदा उक्त खोलाहरुमा ७ दिनको म्याद राखी पुनः बोलपत्र आह्वान गर्ने निर्णय गरियो । जसको लागि दार्मा गाउँपालिकाको मासुगार खोलाका लागि रु. १,००,०००।- (अक्षरुपी एक लाख रुपैयाँ) र दार्मा खोलाका लागि रु. २,००,०००।- (अक्षरुपी दुई लाख रुपैयाँ) निर्धारण गर्ने निर्णय गरियो । गिट्टी-बालुवाका लागि बोलपत्र आह्वान पश्चात् सम्झौता नहुँदासम्म यी खोलाहरुबाट कसैले बालुवा निकासी गरिएको पाइएमा ट्रेक्टर नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय दार्मालाई पत्राचार गर्ने र यदि निर्णय विपरीत कार्य गरी ट्रेक्टर नियन्त्रण भएमा प्रति ट्रेक्टर रु. १,५००।- (अक्षरुपी एक हजार पाँच सय रुपैयाँ)का दरले जरिवाना गर्ने र सो गिट्टी-बालुवा गाउँपालिकाले नै राख्ने निर्णय गरियो ।

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा दार्मा गाउँपालिका वडा नं. ५ स्थित ढाकाडाम स्वास्थ्यचौकी त्रिवेणीको फिल्ड निर्माणका लागि मर्मत सम्भार कोषबाट रु. २,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार रुपैयाँ) व्यवस्था गर्ने निर्णय गरियो ।

३. **प्रस्ताव नं. ३** माथि छलफल गर्दा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत दार्मा गाउँपालिकाका ६ वटै वडामा तपसिल बमोजिमको कार्यतालिका बनाई कार्यक्रम गर्ने निर्णय गरियो :

| क्र.सं. | मिति | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | २०७६।०८।१५ | ६ | |
| २. | २०७६।०८।१६ | ५ | |
| ३. | २०७६।०८।१७ | १ | |
| ४. | २०७६।०८।१८ | २ | |
| ५. | २०७६।०८।१९ | ४ | |
| ६. | २०७६।०८।२२ | ३ | |

४. **प्रस्ताव नं. ४** माथि छलफल गर्दा दार्मा गाउँपालिका क्षेत्रमा रहेका छाडा कुकुरहरुलाई बन्ध्याकरण तथा भ्याक्सिन लगाउने र सो कार्यका लागि आवश्यक वजेट विविध खर्च शीर्षकबाट व्यवस्थापन गर्ने निर्ण गरियो ।

५. **प्रस्ताव नं. ५** माथि छलफल गर्दा दार्मा गाउँपालिकामा रहेका मासु पसलहरुलाई मापदण्डभित्र रहेर सञ्चालन गर्नका लागि निर्देशन दिने निर्णय गरियो ।